# राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वन प्रक्रिया

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| **क्रियाकलाप नं २.७.१३.३७राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान**<br>यस क्रियाकलापमा वजेट विनियोजन रहेका स्थानीय तहहरुले यस केन्द्रको वेवसाइट www.cehrd.gov.npमा राखिएको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट छनोटभएका विद्यालयहरुको तोकिएको कार्यक्रमहरुको सूची अनुसारका कार्यक्रम कार्यान्वयनका लागि तोकिए वमोजिमको रकम विद्यालयलाई निकासा उपलव्ध गराउने । उक्तानुसारका कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा विद्यालयहरुले निम्नानुसार कार्यसम्पादन गर्नेः<br>क) यस कार्यक्रम अन्तर्गतको क्रियाकलाप कार्यान्वयनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा भएको विद्यालयहरुको सूचीको आधारमा सम्बन्धित क्रियाकलापका लागि तोकिएको बजेटस्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विद्यालयको खातामा नियमानुसार रकम निकासा गर्नुपर्नेछ।<br>ख) सूचीमा उल्लेख भएका विद्यालय र कार्यक्रमको लागि मात्र बजेट निकासा गर्ने ।<br>ग) एक विद्यालयमा सुचिकृत भएको कार्यक्रमको बजेट अर्को विद्यालयमा खर्च गर्न पाइने छैनरएउटा कार्यक्रमको लागि विनियोजन गरिएको रकम अर्को कार्यक्रममा खर्च गर्न पाइने छैन,गरेमा सम्बन्धित पालिका र विद्यालय नै जवाफदेही हुनुपर्नेछ ।<br>घ) कार्यक्रम कार्यान्वयनको अवस्थाको प्रगति विवरण सम्बन्धित विद्यालयले तयार गरी स्थानीय तहमा पेश गर्नुपर्नेछ र स्थानीय तहबाट नियमित अनुगमन गरी कार्यप्रगति शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ। शिक्षा विकास तथा समन्वय इकाइले जिल्ला भित्र सञ्चालित कार्यक्रम कार्यान्वयनको समष्टिगत प्रगति विवरण तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।<br>ङ) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन गर्दा स्थानीय तहका शिक्षा महाशाखा/ शाखा प्रमुखको संयोजनमा स्थानीय तहबाट नियमित अनुगमन गर्ने तथा आवश्यक सहजीकरण र प्राविधिक सहायता उपलव्ध गराउनु पर्नेछ ।<br>च) यस कार्यक्रम कार्यान्वयन पश्चातनिकासा प्राप्त रकमकोलेखा राख्ने, प्रतिवेदन गर्ने रलेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालयको हुनेछ।<br>छ) विद्यालयले कार्यक्रम कार्यान्वयन गर्दा प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गर्नुपर्नेछ । यस कार्यमा स्थानीय | **मुख्य जिम्मेवार**<br>• गाउँपालिका/नगरपालिका<br>• विद्यालयहरू<br>**सहजीकरण/समन्वय**<br>• शिक्षाविकासतथासमन्वय ईकाई | • निर्माण भएका कक्षा कोठासंख्या<br>• पुस्तकालय संख्या<br>• ICT Lab संख्या<br>• खरिद भएका शैक्षिक सामग्रीको संख्या<br>• निर्माण भएका शौचालय संख्या<br>• विद्यार्थीको सिकाइ उपलब्धिस्तर<br>• खानेपानी उपलब्ध भएका विद्यालय संख्या<br>• आवासीय सुविधा प्राप्त विद्यार्थी संख्या |

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| तहको शिक्षा हेर्ने कर्मचारीले सहजीकरण गर्नुपर्नेछ ।<br>ज) विद्यालय / शैक्षिक संस्थाहरुले यस कार्यक्रम अन्तर्गतका क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ र स्वीकृत कार्यविधि र शर्तहरुको परिपालना गर्नुपर्नेछ ।<br>झ) कार्यक्रम कार्यान्वनयमा लागि प्रमुख प्रशासकीय अधिकृतले समयमा नै विद्यालयलाई रकम निकासा दिने व्यवस्था गर्नुपर्नेछ र प्राप्त रकम यसै आर्थिक बर्षमा भित्रै तोकिएको कार्यमा खर्च नगरी फ्रिज हुन गएमा सम्बन्धित विद्यालय नै जवाफदेही हुनेछ ।<br>यस क्रियाकलाप अन्तर्गत समावेश गरिएका उपक्रियाकलापहरु कार्यान्वयन गर्दा तपसिल अनुसारको कार्यप्रक्रिया अनुसार कार्य सम्पादन गर्ने गराउने ।<br>**१. विद्यालय कक्षाकोठा निर्माण :**<br>क) विद्यालयमा न्यूनतम २ कोठे भवन निर्माण हुने गरी १८ लाख अनुदान विद्यालयलाई निकासा दिने,<br>**ख)** विद्यालयले निर्माण कार्य गर्दा चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित विद्यालय भौतिक पुर्वाधार निर्माण कार्यका लागि तोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गरी चालु आवमा कार्यसम्पादन हुने गरी निर्माण कार्यसम्पन्न गर्नुपर्नेछ ।<br>**ग)** यस सम्बन्धमा द्विविधा भइ थप कुरा स्पष्ट हुन आवश्यक परेमा सम्बन्धित विद्यालयले सम्बन्धित स्थानीय तह मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनुरोध गरी निर्देश भए अनुसार गर्न सकिनेछ ।<br>**२. खानेपानी सहितको शौचालय निर्माण:**<br>**क)** विद्यालयमा खानेपानी सहितको शौचालय निर्माण गर्न प्रति विद्यालय ७ लाख अनुदान विद्यालयलाई निकासा उपलब्ध गराउने।<br>**ख)** विद्यालयले निर्माण कार्य गर्दा चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखितWASH सुविधा भएकोशौचालय निर्माणका लागि तोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गरी चालु आवमा कार्यसम्पादन हुने गरी निर्माण कार्यसम्पन्न गर्नुपर्नेछ । छात्रा शौचालय निर्माण गर्दा प्रयोग भइसकेको स्यानिटरी प्याडलाई जम्मा गरी गाडेर नष्ट गर्नपर्नेछ । यदी गाड्ने ठाउँ नभएमा अन्य फोहोरमैला सरह सुरक्षित ढंगले व्यवस्थापन गर्नुपर्नेछ ।<br>**३. कम्प्यूटर ल्याव स्थापना :**<br>क) विद्यालयमा कम्प्यूटर ल्याव स्थापना गर्न विद्यालयका लागि स्वीकृत भएको अनुदान विद्यालयलाइनिकासा दिने,<br>ख) कार्यक्रम प्राप्त गरेका विद्यालयले कम्प्यूटर ल्याव स्थापना गर्दा चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा | | |

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| उल्लेखित विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तरगत विद्यालयको शिक्षण सिकाइमा ICT को प्रयोगको लागि तोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गरी चालु आवमा कार्यसम्पादन हुने गरी निर्माण कार्यसम्पन्न गर्नुपर्नेछ।<br>ग) कम्प्यूटर ल्याव सञ्चालनमा रहेका विद्यालयहरुले कम्प्यूटर ल्याव विस्तार गर्ने वा नविनतम प्रविधि अन्तर्गतका स्मार्ट बोर्ड, प्रोजक्टर लगायतका उपकरणहरू खरिद गरी विद्यार्थीका लागि प्रविधिमा आधारित सिकाइ वातावरणको प्रबन्ध मिलाउनु पर्नेछ।<br>४. **पुस्तकालय तथा विज्ञान प्रयोगशाला**:<br>क) यस कार्यक्रममा स्वीकृत भएको अनुदान रकम विद्यालयलाई निकासा दिने,<br>ख) कार्यक्रम प्राप्त गरेका विद्यालयले पुस्तकालय/विज्ञान प्रयोगशाला स्थापना गर्दा चालु आव २०७७।७८ का लागि स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखिततोकिएको मापदण्ड तथा कार्यप्रक्रिया अवलम्बन गरी चालु आवमा कार्यसम्पादन हुने गरी कार्यान्वयन गर्ने,<br>ग) विगतमा पुस्तकालय/विज्ञान प्रयोगशाला सञ्चालनमा रहेको विद्यालयले सुविधा विस्तारका लागि आवश्यक सामग्रीहरुको विवरण विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने र सोको अनुगमन निरीक्षण सम्बन्धित स्थानीय तहको शिक्षा शाखाबाट गर्ने व्यवस्था मिलाइनेछ।<br>५. **शिक्षामा नविन प्रविधि प्रवर्धन**:<br>क) यस कार्यक्रममा स्वीकृत भएको अनुदान रकम विद्यालयलाई निकासा दिने,<br>ख) शिक्षण सिकाइमा विकास भएका नविनतम विधि र प्रविधि उपयोगका लागि आवश्यक पर्ने उपकरणहरु (जस्तैः स्मार्ट बोर्ड, प्रोजेक्टर) तथाडिजिटल सिकाइ सामग्रीको व्यवस्था गर्ने,<br>ग) विज्ञान,प्रविधि, इन्जिनियरिङ र गणित (STEM) सँग सम्बन्धित अनुसन्धान / खोज तथा अन्वेषण गर्ने कार्य गरी प्राप्त निष्कर्षलाई शिक्षण सिकाइमा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यसका लागि सम्बन्धित संस्थाहरुसंग साझेदारी र समन्वय गरी कार्यक्रम संचालन गर्नु परेमासाझेदारी भएमा तत्काले सम्बन्धित स्थानीय तहको शिक्षा शाखालाई जानकारी दिनुपर्नेछ। | | |

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| **६. विशेष विद्यालय**<br>क) यस कार्यक्रममा स्वीकृत भएको रकम विद्यालय र अपाङ्गता भएका बालबालिकाका शिक्षाका लागि कार्यरत संस्थाहरुलाई निकासा दिने ।<br>ख) सम्बन्धित विद्यालयले प्राप्त बजेटबाट सम्पन्न गर्ने क्रियाकलापहरुको विस्तृत विवरण तयार गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित स्थानीय तहमा जानकारी गराउनु पर्नेछ । क्रियाकलापहरूको निर्धारण गर्दा देहाय अनुसारको विषयक्षेत्रमा गर्न सकिने:<br>• अपाङ्गता भएका बालबालिकाहरुको सिकाइका लागि शैक्षिक सामग्रीको व्यवस्थापन,<br>• अपाङ्गता भएका बालबालिकाहरुको अपाङताको किसिम अनुसार आवासीय सुविधाको स्तरवृद्धि गर्ने तथा आवासीय प्रबन्ध नभएका/नपुग भएका विशेष विद्यालयहरुले घरभाडामा लिइ आवास व्यवस्थापन,<br>• अपाङ्ता भएका बालबालिका अध्ययन गर्ने विद्यालय वा कक्षाकोठा निर्माण/मर्मत सम्भार तथा शिक्षण सहयोगी वातावरण विकास,<br>• अपाङ्गताको प्रकार र गम्भिरताका आधारमा विद्यार्थीको सिकाइमा सहयोग पुर्याउने शिक्षण सामग्रीको व्यवस्था,<br>• शिक्षामा शैक्षिक सूचना प्रविधिको प्रयोग,<br>उपलव्ध रकम विद्यालय व्यवस्थापन समिति/अपाङ्गता भएका बालबालिकाका शिक्षाका लागि कार्यरत संस्थाहरुले प्रचलित कानूनको अधिनमा रही खर्च गर्नु पर्नेछ।<br>**७. शैक्षिक सामग्री:**<br>क) यस क्रियाकलापमा लागि स्वीकृत रकम सम्बन्धित विद्यालयलाई निकासा दिनु पर्नेछ ।<br>ख) विद्यालयले व्यवस्थापन समितिको बैठकबाट खरिद/व्यवस्थापन गर्नुपर्ने आवश्यक शैक्षिक सामग्रीको सूचि स्वीकृत गर्नेर सो अनुसार विद्यालयका प्रधानाध्यापकले खरिद/ व्यवस्थापन गर्ने गराउने । विद्यालय व्यवस्थापन समिति गठन नभएको अवस्थामा विद्यालयको अनुरोधमा स्थानीय तहले स्वीकृत गर्ने । | | |

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री

| क्रियाकलाप नं. क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगतिसूचक |
|---|---|---|
| **८. भौतिक पुर्वाधार तथा शैक्षिक विकास :**<br>क) यस क्रियाकलापमा लागि स्वीकृत रकम सम्बन्धित विद्यालयलाई निकासा दिनु पर्नेछ ।<br>ख) विद्यालयले भौतिक पूर्वाधार र शैक्षिक विकास अन्तर्गत विद्यालय भवन निर्माण, खानेपानी तथा शौचालय, पुस्तकालय, प्रयोगशाला र शिक्षामा प्रविधिमा प्रयोग सम्बन्धी कार्यहरु विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार रकम निकासा प्राप्त भए अनुसार खर्च गर्ने ।<br>ग) निर्माण कार्य गर्दा बजेटको सिमा भित्र रही २ कोठे/ ४ कोठेभवन वा सो भन्दा बढी कक्षाकोठा निर्माण, शौचालय निर्माण गर्नुपर्ने भएमा यस केन्द्रको स्वीकृत ड्रइङ,डिजाइन अनुसार फरक नपर्ने गरी गर्नुपर्नेछ, तर थप रकम हस्तान्तरण गरिने छैन ।<br>घ) यस बजेटबाट प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि प्रयोगशाला लगायतका शैक्षिक पूर्वाधार विकासका क्रियाकलाप कार्यान्वयन गर्दा उल्लिखित मापदण्ड अनुसार गर्नुपर्नेछ र भएको कार्यको सामाजिक परीक्षण समेत गराउनु पर्नेछ । | | |

मा. कृष्ण गोपाल श्रेष्ठ
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री